# प्रेस विज्ञप्ति- ३५४

# Press Release- 354

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८१।०२।०९ गते।

## लागु औषध बिरुद्ध त्रैमासिक बिशेष कार्ययोजनाको बैशाख महिनाको प्रगति विवरण

खैरो हिरोईन तथा औषधीजन्य मनोद्दीपक पदार्थहरु नेपाल भारत खुल्ला सिमाना हुंदै नेपाल भित्रीई बिभिन्न शहरहरुमा बेचबिखन तथा सेवनको घटना बढी रहेको सन्दर्भमा लागु औषध नियन्त्रण ब्यूरो काठमाण्डौले बैशाख महिनादेखि **"तीन महिने बिशेष कार्य योजना"** तयार गरी कार्यान्वयन गरिरहेको छः

- लागु औषध नियन्त्रण ब्यूरो काठमाण्डौबाट भारतीय सिमा नाकाहरुमा प्रहरी टोली परिचालन गरी कारवाही तथा नियन्त्रण गर्ने,
- औधिजन्य मनोद्दीपक पदार्थको दुरुपयोग सम्बन्धमा औषधी पसल तथा अन्य स्थानहरुमा निग्रानी गरी कारवाही तथा नियन्त्रण गर्ने,
- लागु औषध सम्बन्धी संगठित एवं ठुला कारोवारीहरुको सूचना संकलन गरी मुख्य कारोबारी बिरुद्ध कारवाही तथा नियन्त्रण गर्ने,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसंग समन्वय र सहकार्य गर्ने।

बैशाख महिना देखि संचालित तिन महिने कार्ययोजनाको मुख्य मुख्य उपलब्धीहरु निम्न बमोजिम रहेका छन्।

**मुद्दा दर्ता, पक्राउ**

मुद्दा दर्ता- ८३



पक्राउ- ११४ जना

**नियन्त्रित औषधिजन्य लागु औषधि**



एम्पुल- ५,०१९




ट्रामाडोल- ९,५४४



नाईट्राभेट- १८,७३८

**अवैध लागु औषधि**



गाँजा- ३ किलो



चरेस- २ किलो



एम्फेटामाईन- १०४ ग्राम



हिरोईन- १.७५ किलो



कोकिन- २.६५४ किलो

साथै, झापा, मोरङ, सुनसरी र बाँकेमा लागु औषध कारोवारीलाई नियन्त्रणमा लिने क्रममा प्रहरी माथी बलजफती गरी भाग्न उम्कन खोज्दा गोली प्रहार गरी नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिने क्रममा चार जनाको खुट्टामा गोलि लागि समान्य घाइते भएका छन् भने अन्य कानूनी कारवाही भैरहेको छ। उनीहरुको साथबाट ५७५ ग्राम खैरो होरोइन बरामद गरी सम्लग्न ६ जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भैरहेको छ।

सोही अवधिमा कोकिन २ केजि ६४० ग्राम सहित युगाण्डान महिलालाई पक्राउ गरी अनुसन्धान भैरहेको छ।

## औषधी पसलमा गोप्य निग्रानी गरी अनुगमन तथा छापा

लागु औषध नियन्त्रण व्यूरो तथा औषधी व्यवस्था बिभागको संयुक्त टोलीले काठमाण्डौ उपत्यका स्थित औषधि पसलहरु; टिसा फार्मेसी मध्यपुर ठीमी १, गोगो फार्मेसी कागेश्वरी मनहरा ८, कार्डरभ फार्मेसी काठमाण्डौ महानगरपालिका ३२, त्रिपुर हेल्थकेयर ललितपुर महालक्ष्मी ५ र बिवेकानन्द सुस्वास्थ्य फार्मेसी काठमाण्डौ महानगरपालिका १६ समेतमा गोप्य रुपमा प्रहरी निग्रानी गरी आकस्मिक अनुगमन तथा छापामारी गर्दा निम्न बमोजिम नियन्त्रित औषधिहरु बरामद गरी कानूनी कारवाही गरिएको:

| Antikof | Decolic | Tapentadol | Opotap 50 | Tramol 50 mg | Trupain | Paindol | Tramanil | Tracdol |
|---|---|---|---|---|---|---|---|---|
| 1980 | 1420 | 480 | 44 | 149 | 121 | 130 | 1633 | 80 |

| Vintax | Spasmid | Pegaron | Lanydol | Paegout kit | Sildenafil | Spasmo | Paglin | Prodoxime | STUD 5000 |
|---|---|---|---|---|---|---|---|---|---|
| 79 | 343 | 70 | 202 | 18 | 138 | 2000 | 200 | 55 | 2 |

## ट्रामाडोल र टपेन्टाडोल जस्ता औषधि मनोद्दीपक औषधिको सूचीमा समावेश

२०८१ बैशाख २७ मा बसेको मन्त्रिपरिषद् बैठकले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को प्रावधान अनुसार **ट्रामाडोल र टपेन्टाडोललाई** मनोद्दीपक औषधिको सूचीमा राखिएको छ। जस अनुसार औषधि पसलहरुले यस्तो औषधि नियम विपरीत बिक्री गरेमा लागु औषध ऐन अनुसार फौजदारी मुद्दामा कारबाही हुनेछ। यस अघि पनि त्यस्ता फार्मेसी माथि कारबाही हुने गरेकामा औषधि व्यवस्था विभागबाट सामान्य जरिवाना मात्र हुने गरेको थियो। अब फौजदारी कसुरमा प्रहरीले अनुसन्धान गर्न र अभियोजन गर्न पाउने भएको छ। यो लागु औषध नियन्त्रणको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हो। यसले औषधीजन्य पदार्थको दुरुपयोग गरी लागु औषध सेवनकर्ता नियन्त्रणमा प्रभावकारी भुमिका निर्वाह गर्ने छ।

ट्रामाडोल र टपेन्टाडोल अत्यधिक दुखाइ कम गर्न प्रयोग गरिने 'पेनकिलर' औषधि हो। यस्तो औषधि चिकित्सकको सिफारिस विना औषधि पसलले बिक्री गर्न पाउँदैनन्।

## ब्युरोद्वारा सञ्चालित लागु औषध सम्बन्धी विभिन्न सचेतनामुलक कार्यक्रम

उपत्यका बाहिर देशका विभिन्न जिल्लाहरु (सुनसरी, ईलाम, मोरङ, झापा) मा सञ्चालित
सचेतनामूलक कार्यक्रम संख्या: ५, सहभागी संख्या : ८९२
उपत्यकामा सञ्चालित सचेतनामूलक कार्यक्रम संख्या: १० सहभागी संख्या : १३६८
फलस्वरुप प्रदेश तथा जिल्ला प्रहरी कार्यालयहरुमा समेत सोही बमोजिम कार्वाहीलाई तिब्रता साथ अगाडी बढाएकोले जिल्लाहरूमा समेत पक्राउ तथा बरामदमा उल्लेखनीय वृद्दि भएको छ।

•••

**प्रवक्ता / सूचना अधिकारी**
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३